# थवाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

थवाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल ।


प.सं.: २०८२।०८३ मिति: २०८३।०१।०३

च.नं.: १२८० ने.सं.: ११४६ चौलागा चतुर्दशी

श्री सामुदायिक विद्यालयहरु सबै,
श्री संस्थागत विद्यालयहरु सबै ,

*विषय : आबश्यक समन्वय तथा सहजिकरण सम्बन्धमा ।*

प्रस्तुत विषयमा इलाका प्रशासन कार्यालय घर्तीगाउँ रोल्पाको प.सं.०८२/८३ च.नं.७२८ को मिति २०८३/०१/०२ को प्राप्त पत्रानुसार संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड,२०७२ एवम् प्रचलित कानून विपरित संस्थागत विद्यालयहरुबाट अझै पनि शैक्षिक शत्र शुरु हुनु पूर्व विद्यार्थी भर्ना गर्ने र शुल्क लिने कार्य निरन्तर रहेको भनि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको पत्र संख्या २०८२/८३ च.नं.६४५ पत्र समेत प्राप्त भएकाले सो विषयमा आबश्यक समन्वय र सहजिकरण गर्नुहुन अनुरोध छ ।

.....................
गणेश वि.क
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :
श्री अध्यक्ष ज्यू को सचिवालय ।
श्री उपाध्यक्ष ज्यू को सचिवालय ।
श्री शिक्षा यूवा तथा खेलकुद शाखा थबाङ रोल्पा ।



सम्पर्क : ९८५७८२४७५०, ९८५७८७७०४१, www.facebook.com/thabangruralmunicipal,
email-thabangrm58@gmail.com, www.thabangmun.gov.np

नेपाल सरकार
गृह मन्त्रालय

फोन : ०८६-४१६००५
फ्याक्स : ०८६-४१६००४
ईमेल : ilakaghartigaun@gmail.com

# इलाका प्रशासन कार्यालय

## घर्तीगाउँ रोल्पा

प.सं. : २०८२/८३
च.नं. : ८२८

मिति: २०८३/०१/०२

नेपाल सरकार
गृह मन्त्रालय
इलाका प्रशासन कार्यालय

श्री स्थानीय तह सबै ।

विषय :- कार्यान्वयनमा सहजिकरण सम्बन्धमा ।

प्रस्तुत विषय सम्बन्धमा गृह मन्त्रालयको च.नं. ५०४ मिति २०८२/१२/२७ गतेको प्राप्त पत्रानुसार संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड, २०७२ एवम् प्रचलित कानून विपरित केही संस्थागत विद्यालयहरुबाट अझै पनि शैक्षिक शत्र शुरु हुनु पूर्व विद्यार्थी भर्ना गर्ने र शुल्क लिने कार्य निरन्तर रहेको भनी गुनासो आएको भन्ने कुरा बुझि आएकोले सो सन्दर्भमा यस्ता कार्यलाई नियन्त्रण गर्न आवश्यक समन्वय हुन भनी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको पत्र संख्या २०८२/८३ च.नं. ६४५ को पत्र समेत प्राप्त भएकोले सो को छायाँ प्रति यसै साथ राखि पठाइएको छ। सो कार्यमा आवश्यक सहजिकरण गरी कार्यान्वयनमा कडाइका साथ गर्न र गराउनुहुन अनुरोध छ।

२०८३/०१/०२
गणबहादुर वि.क.
का.मु.शाखा अधिकृत

का.मु. शाखा अधिकृत

दर्ता नं १८३६
मिति २०८३/१/०३

श्री प्रशासन
२०८२/१२/२८

# गृह मन्त्रालय

(योजना, अनुगमन तथा मूल्याङ्कन शाखा)

नेपाल सरकार
गृह मन्त्रालय

पत्र संख्या:- यो-०८२/८३
प्राप्त पत्र संख्या र मिति -
च.नं.:- ८०४

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मितिः २०८२/१२/२७
नेपाल सम्वत् ११४६

श्री जिल्ला/इलाका प्रशासन कार्यालय(सबै)।

विषयः आवश्यक समन्वय र कार्यान्वयनमा सहजिकरण सम्बन्धमा।

संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड, २०७२ एवम् प्रचलित कानून विपरित केही संस्थागत विद्यालयहरुबाट अझै पनि शैक्षिक शत्र शुरु हुनु पूर्व विद्यार्थी भर्ना गर्ने र शुल्क लिने कार्य निरन्तर रहेको गुनासो आएको सन्दर्भमा यस्ता कार्यलाई नियन्त्रण गर्न आवश्यक समन्वय हुन भनी शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको प. सं. २०८२/०८३ च. नं. ६४५ को पत्र सयै साथ संलग्न राखी पठाइएको छ। सो सम्बन्धमा आवश्यक समन्वय र सहजिकरण गर्नुहुन आदेशानुसार अनुरोध छ।

(टंक प्रसाद पन्थी)
शाखा अधिकृत

इलाका प्रशासन कार्यालय ललितपुर
द.नं. ३२६
मिति: २०८२/१२/२७

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय

(योजना तथा बजेट शाखा)

सिंहदरबार,
काठमाडौं नेपाल ।

पत्र संख्या:- २०८२।०८३
चलानी नं.:- ६४५

मिति : २०८१/१२/०२
नेपाल संवत् ११४६

**विषय: आवश्यक समन्वय सम्बन्धमा ।**

श्री गृह मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

प्रस्तुत विषयमा केही संस्थागत विद्यालयहरूले प्रचलित कानुन तथा सम्मानित सर्वोच्च अदालतको आदेश विपरीत हुनेगरी शैक्षिक सत्र २०८३ प्रारम्भ हुनु पूर्व नै विद्यार्थी भर्ना गर्ने र स्वीकृत मापदण्डभन्दा बढी शुल्क असुली गर्ने गरेको कार्य सच्याउन लगाउने कारवाही प्रकृयाका सम्वन्धमा यस मन्त्रालयबाट विगत केही दिनदेखि प्रेस विज्ञप्ति समेतमार्फत सम्बन्धित सबैलाई र मूलतः सबै स्थानीय तहहरूलाई अनुरोध गरिसकिएको छ।

तथापि, केही संस्थागत विद्यालयबाट अझै पनि संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड, २०७२ एवम् प्रचलित कानुनको प्रावधान विपरीत शुल्क लिने कार्य निरन्तर रहेको गुनासो आएको सन्दर्भमा यस्ता कार्यलाई नियन्त्रण गर्न सम्वन्धित जिल्ला प्रशासन कार्यालयहरू मार्फत आवश्यक समन्वय व्यवस्थाका लागि अनुरोध गरिन्छ।

(शिवकुमार सापकोटा)
सहसचिव

फोन नं.: